# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/८०
चलानी नं. :-

मिति :- २०८०/०१/२७

सुचना नं. ५४

**सुचना!** **सुचना!!** **सुचना!!!**

देश भरि फैलिरहेको लम्पि स्किन रोग विशेष गरेर गाईहरुमा र कहिलेकाहिँ भैसीहरुमा पनि देखिने विषाणुको कारणबाट लाग्ने यो रोग अहिले पर्वत जिल्लाका विभिन्न स्थानमा देखिइरहेको छ र हाम्रो विहादी गाउपालिकाको केही स्थानहरुमा पनि देखिएको हुनाले आ-आफ्नो गाई भैसीँमा देखा परेमा यथाशिघ्र सम्बन्धित वडा तथा गाउँपालिकाको पशु विकास शाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ।साथै यस रोगको खास उपचार नहुने भएकोले आ-आफ्नो फार्म तथा गोठमा जैविक सुरक्षाका विधिहरु अवलम्वन गर्नुहुन पनि सबै गाईभैसीँ पालक कृषकहरुमा अनुरोध छ।

**रोगका लक्षणहरुः**

-शरीरका विभिन्न भागहरुमा गिर्खाहरु आउने विशेष गरेर पछाडीका खुट्टाहरुमा,पेट र थुन वरिपरी यस्ता गिर्खाहरु देखा पर्छन पछि गएर घाउ बन्ने किराहरु पर्ने तथा फुतेर पाप्रा बस्ने हुन्छ।

-उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइट)

-दुध उत्पादनमा तिब्र गिरावत (२५-८० प्रतिशत) आउँछ।

-यो रोगबाट पशुहरुमा मृत्युदर कम भएता पनि धेरै पशुहरु बिरामी हुन सक्ने।

-आखाँबाट कचेरा निकाल्ने,सिगाँन बग्ने फिज काढ्ने तथा खुट्टाहरु सुन्निने हुन्छ।

-लिम्फनोडहरु सुन्निने हुन्छ भने केही पशुहरुमा कुनै पनि लक्षण नदेखाउन सक्छन्।

- लामा रौँ भएका ठाँउहरुमा गिर्खाहरु नदेखिन सक्छन तर पानिले भिजेको र हातले छाम्दा ति गिर्खाहरु फेला पर्छन्।

**उपचार तथा रोकथाका उपायहरुः**

-यो रोग भाइरसको कारणले लाग्ने भएकाले खास उपचार छैन तर लक्षणको आधारमा उपचार गर्ने।

-फार्म तथा गोठ वरपर पानी जम्न नदिने।

-लामखुट्टे तथा झिंगाको संक्रमण रोक्न सरसफाइमा विशेष ध्यान पुर्याउने।

-आफ्नो गोठ तथा फार्ममा भिरकोन ,भिनाइल ,चुना जस्ता जैविक सुरक्षाका उपायहरु अपनाउने।

सम्पर्क नं.९८६६८१८९२१
(पशु विकास शाखा)

२०८०।०१।२६

हरि प्रसाद भुसाल
नि.प्रमुख प्रशासकीय अधिकृत